
सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०८३



संघीय संसद सचिवालय

संसद भवन

सिंहदरवार

उद्देश्य र कारण

बचत तथा ऋणको मुख्य कारोवार गर्ने सबै सहकारी संस्था राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट सञ्चालन इजाजतपत्र लिनुपर्ने र सबै सहकारी संस्थाहरुले वार्षिक रुपमा दर्ता अधिकारीबाट अद्यावधिक गर्नुपर्ने व्यवस्था सहित प्राधिकरण र रजिष्ट्रारबीचको कार्यक्षेत्रगत जिम्मेवारीमा थप स्पष्ट गर्दै सहकारीको सम्पत्ति दुरुपयोग र अपचलन गर्ने जोसुकैलाई कानूनी कारवाहीको दायरामा ल्याई ऋण असुली तथा साना बचतकर्ताको बचत फिर्तालाई तत्काल कार्यान्वयन गरी समस्याग्रस्त सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी सम्बन्धी कार्यलाई छिटो छरितो र प्रभावकारी बनाउन आवश्यक भएकोले "सहकारी ऐन, २०७४ लाई संशोधन गर्ने प्रतिस्थापन विधेयक"संघीय संसदमा पेश गर्न नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८३/३/५ मा स्वीकृति प्राप्त भएकाले यो विधेयक पेश गरेको छु।

प्रतिभा रावल
मन्त्री
भूमि व्यवस्था, सहकारी, संघीय मामिला
तथा सामान्य प्रशासन मन्त्रालय

काठमाडौं
संवत् २०८३ असार ५ रोज ६ शुभम्
नेपाल सम्वत् ११४६

आर्थिक टिप्पणी

प्रस्तुत विधेयकमा सहकारी क्षेत्र सुधार सम्बन्धमा गठन भएका विभिन्न आयोग, समिति, कार्यदलको सुझाव तथा सिफारिस एवं सम्मानित सर्वोच्च अदालतको आदेश फैसलामा उल्लिखित विभिन्न विषयमा कानूनी व्यवस्था गरिएको छ। सहकारी क्षेत्रको प्रशासन, नियमन तथा सुपरिवेक्षण, समन्वय तथा सहजीकरण गर्नुपर्ने एवं नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहका सहकारी सस्थाहरुलाई व्यवस्थित, मर्यादित र विश्वसनिय बनाउदै समस्याग्रस्त सहकारी संस्थाका सदस्यहरुको बचत फिर्ता र ऋण असुलीलाई प्राथमिकतामा राखी कार्यसम्पादन गर्नुपर्ने हुँदा केही आर्थिक भार थपिने देखिन्छ।

प्रतिभा रावल
मन्त्री
भूमि व्यवस्था, सहकारी, संघीय मामिला
तथा सामान्य प्रशासन मन्त्रालय

काठमाडौं
संवत् २०८३ असार ५ रोज ६ शुभम्
नेपाल सम्वत् ११४६

सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : सहकारी ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "सहकारी (पहिलो संशोधन) ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **सहकारी ऐन, २०७४ को दफा २ मा संशोधन** : सहकारी ऐन, २०७४ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) "इजाजतपत्र" भन्नाले दफा १६क. बमोजिम प्रदान गरिएको इजाजतपत्र सम्झनु पर्छ।"

(२) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) "परिवार" भन्नाले सदस्यको देहायको नाताको व्यक्ति सम्झनु पर्छ :-

(१) पति, पत्नी, छोरा, बुहारी, छोरी, ज्वाईं, धर्मपुत्र, धर्मपुत्र बुहारी, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफैंले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु, भाइ, बुहारी, दिदी, बहिनी,

(२) पुरूष सदस्यको हकमा निजका बाजे, बज्यै, सासु, ससुरा तथा महिला सदस्यको हकमा निजको सासु, ससुरा, र

(३) दफा ८८ बमोजिम लगातार दुई वर्षसम्म कारोबार नगरी निष्क्रिय रहेको, यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमावली विपरीत कार्य गरेको, लिक्वीडेशन वा खारेजीमा गएको र ऐनको दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाको सदस्यको हकमा अंशवण्डा गरी, मानो छुट्टिई वा सम्बन्ध विच्छेद भई बसेको परिवारको सदस्य।"

(३) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छ :-

"(घ१) "नातेदार" भन्नाले काका, काकी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी बुहारी, मामा, माइजू, भिनाजु, ज्वाईं, भान्जा, भान्जी, साला, साली, जेठान, जेठानी, फुपू, फुपाजु, नातिनी ज्वाईं, भिन्न भएका सासु, ससुरा, दाजु, भाइ, भाउजु, बुहारी र निजका

एकाघरका सदस्य सम्झनु पर्छ र सो शब्दले आफू सदस्य रहेको सहकारी संस्थामा काम गर्ने कर्मचारीलाई समेत जनाउँछ।"

(४) खण्ड (च) पछि देहायको खण्ड (च१) थपिएको छ:-

"(च१) "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था" भन्नाले सहकारी संस्थाको वासलातमा उल्लेख भएको कुल सम्पत्ति वा कुल दायित्व रकममा संस्थाद्वारा सङ्कलित कुल बचत रकम वा प्रवाह भएको कुल ऋण रकमको अनुपात पचास प्रतिशतभन्दा बढी रहेको सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले कुनै सहकारी संस्थाको वासलातमा पच्चिस करोड रूपैयाँभन्दा बढी रकमको कुल बचत वा कुल ऋण लगानी रहेका सहकारी संस्थालाई समेत जनाउँछ।"

(५) खण्ड (ज) मा रहेका "कम्तीमा तीस प्रतिशतभन्दा" भन्ने शब्दहरूको सट्टा "कम्तीमा पचास प्रतिशतभन्दा" भन्ने शब्दहरू राखिएका छन्।

(६) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ:-

"(झ) "रजिष्ट्रार" भन्नाले दफा ९२ बमोजिम तोकिएको रजिष्ट्रार सम्झनु पर्छ र सो शब्दले प्रदेश सरकार र स्थानीय तहको सहकारी सम्बन्धी प्रचलित कानूनले रजिष्ट्रार वा दर्ता अधिकारीको कार्य गर्नेगरी तोकेको अधिकृत कर्मचारीलाई समेत जनाउँछ।"

(७) खण्ड (ठ) मा रहेको "सहकारी" भन्ने शब्द पछि "विषय हेर्ने" भन्ने शब्दहरू थपिएको छ।

३. **<u>मूल ऐनको दफा १४ मा संशोधन</u>** : मूल ऐनको दफा १४ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (१) बमोजिम दरखास्त दिँदा सहकारी बैङ्कको हकमा नेपाल राष्ट्र बैङ्कको र बचत तथा ऋण सहकारी संस्थाको हकमा प्राधिकरणको पूर्व स्वीकृतिपत्र समेत संलग्न गर्नु पर्नेछ।"

४. **<u>मूल ऐनमा दफा १६क.थप</u>** : मूल ऐनको दफा १६ पछि देहायको दफा १६क. थपिएको छ :-

"**१६क. <u>इजाजत लिनुपर्ने</u>** : (१) दफा १५ को उपदफा (१) बमोजिम दर्ता भई सञ्चालनमा रहेका वा सोही दफाको उपदफा (८) बमोजिम दर्ता भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले यस दफाबमोजिम प्राधिकरणबाट कार्य सञ्चालन इजाजतपत्र (अपरेटिङ लाइसेन्स) लिनु पर्नेछ।

(२) यो दफा प्रारम्भ हुँदाका बखत उपदफा (१) बमोजिम दर्ता भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सरकारी संस्थाले यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र इजाजतपत्र लिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको इजाजतपत्र वार्षिक रूपमा नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको इजाजतपत्रको नवीकरण दस्तुर, इजाजतपत्र प्रदान गर्ने कार्यविधि र मापदण्ड तोकिएबमोजिम हुनेछ।

(५) कुनै इजाजतपत्र प्राप्त सहकारी संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम विपरीत काम गरेमा वा प्राधिकरणले दिएको निर्देशन पालना नगरेमा वा सदस्यको हित विपरीत काम गरेमा वा प्राधिकरणसमक्ष पेस गर्नुपर्ने आर्थिक तथा कारोबार सम्बन्धी विवरण पेस नगरेमा प्राधिकरणले अवधि तोकी त्यस्तो सहकारी संस्थाको इजाजतपत्र निलम्बन गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम इजाजतपत्र निलम्बनमा रहेको सहकारी संस्थाले निलम्बनको अवधिभर कारोबार गर्न सक्ने छैन।"

५. **मूल ऐनको दफा २०क. मा संशोधन** : मूल ऐनको दफा २०क. को उपदफा (२) मा रहेका "एक वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "प्राधिकरणले निर्धारण गरेको अवधिभित्र" भन्ने शब्दहरू राखिएका छन्।

६. **मूल ऐनको दफा २५ मा संशोधन** : मूल ऐनको दफा २५ को खण्ड (ज) मा रहेको "मन्त्रालय," भन्ने शब्द पछि "प्राधिकरण," भन्ने शब्द थपिएको छ।

७. **मूल ऐनको दफा ३२ मा संशोधन** : मूल ऐनको दफा ३२ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "एक वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "दुई वर्षभित्र" भन्ने शब्दहरू राखिएका छन्।

८. **मूल ऐनको दफा ४१ मा संशोधन** : मूल ऐनको दफा ४१ को उपदफा (३क) मा रहेका "एक तहको" भन्ने शब्दहरू झिकिएका छन्।

९. **मूल ऐनको दफा ५० मा संशोधन** : मूल ऐनको दफा ५० को, -

(१) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छ :-

"(५क) यस दफाबमोजिम ब्याजदर गणना गर्दा सन्दर्भ ब्याजदर लागू भएकोमा सोही अनुसार र सन्दर्भ ब्याजदर लागु हुनुभन्दा अगाडिको हकमा लिखतमा उल्लिखित ब्याज दरलाई

आधार मान्नुपर्ने छ र हर्जाना रकम असुल हुन बाँकी ब्याज रकमको पाँच प्रतिशत भन्दा वढी लिन पाइने छैन।"

(२) उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छ :-

"(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी सङ्घले बचत तथा ऋणको कारोबार गर्नसक्ने छैनन्।

तर यो उपदफा प्रारम्भ हुँदाका बखत बचत तथा ऋणको कारोबार गरिरहेका सहकारी सङ्घले यो उपदफा प्रारम्भ भएको मितिले तीन वर्षभित्र उक्त कारोबार बन्द गर्नु पर्नेछ।"

१०. **मूल ऐनको दफा ५१ मा संशोधन** : मूल ऐनको दफा ५१ को उपदफा (१) को खण्ड (ङ) मा रहेका "राष्ट्रिय सहकारी विकास बोर्ड" भन्ने शब्दहरूको सट्टा "प्राधिकरण" भन्ने शब्द राखिएको छ।

११. **मूल ऐनको दफा ६८ मा संशोधन** : मूल ऐनको दफा ६८ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) प्रचलित लेखामानको व्यवस्था अनुसार नाफा नोक्सान हिसाबमा भूतप्रभावी संशोधन गर्नु परेमा त्यस्तो संशोधनको प्रभाव स्वरूप बचत (नाफा) वृद्धि हुने भएमा सो हदसम्म जगेडा कोषमा समेत संशोधन गर्नु पर्नेछ।"

१२. **मूल ऐनको दफा ७० मा संशोधन** : मूल ऐनको दफा ७० को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (१) बमोजिमको कोष र कोषको सचिवालय विभागमा रहनेछ।"

(२) उपदफा (७) मा रहेका "राष्ट्रिय सहकारी विकास बोर्डको सहअध्यक्ष" भन्ने शब्दहरूको सट्टा "प्राधिकरणको अध्यक्ष" भन्ने शब्दहरू राखिएका छन् ।

(३) उपदफा (१०) मा रहेका "विवरण राष्ट्रिय सहकारी विकास बोर्ड समक्ष पेश गर्नु पर्नेछ।" भन्ने शब्दहरूको सट्टा "विवरणको अभिलेख विभागले राख्नु पर्नेछ।" भन्ने शब्दहरू राखिएका छन्।

१३. **मूल ऐनको दफा ७३ मा संशोधन** : मूल ऐनको दफा ७३ को उपदफा (१क) पछि देहायको उपदफा (१ख) थपिएको छ :-

"(१ख) उपदफा (१क) बमोजिम प्रतिवेदन एकीकृत व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट भएपछि रजिष्ट्रारले हरेक वर्ष शेयर सदस्य र शेयर रकम उल्लेख गरी संस्था अद्यावधिक गर्नु पर्नेछ।"

१४. **मूल ऐनको दफा ८१ मा संशोधन** : मूल ऐनको दफा ८१ को,-

(१) उपदफा (१) मा रहेका "बचत तथा ऋणको मुख्य कारोबार गर्ने" भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छ :-

"(५) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा प्राधिकरण र अन्य सहकारी संस्थाको हकमा विभागले कर्जा सूचना केन्द्रसँग आवश्यक समन्वय गर्नेछ।

तर प्रदेश वा स्थानीय तहको क्षेत्राधिकार भएका सहकारी संस्थाहरूको हकमा सम्बन्धित प्रदेश वा स्थानीय तहको सहकारी सम्बन्धी कानूनबमोजिम हुनेछ।"

१५. **मूल ऐनको दफा ९५ मा संशोधन** : मूल ऐनको दफा ९५ को उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छ :-

"(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हिसाब जाँच प्राधिकरणले गर्न सक्नेछ।"

१६. **मूल ऐनको दफा ९७ मा संशोधन** : मूल ऐनको दफा ९७ को सट्टा देहायको दफा ९७ राखिएको छ:-

"९७. **बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी विशेष व्यवस्था**: (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्राधिकरणले तोके बमोजिमको अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुगमन प्रणालीमा आधारित भई बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण प्राधिकरण वा प्राधिकरणसँगको समन्वयमा विभागले समेत गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम विभागले अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गर्दा बचत तथा ऋण परिचालन मापदण्ड कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यकताअनुसार नेपाल राष्ट्र बैङ्क लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ।

(४) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"

१७. **मूल ऐनको दफा १०१ मा संशोधन** : मूल ऐनको दफा १०१ को सट्टा देहायको दफा १०१ राखिएको छ :-

"१०१. **निक्षेप तथा कर्जा सुरक्षण कोषको सदस्यता लिनुपर्ने**: (१) यस ऐनबमोजिम बचत तथा ऋणको समेत कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानूनबमोजिम स्थापना भएको निक्षेप तथा कर्जा

सुरक्षण कोषको सुरक्षित सदस्यता लिई बचत तथा कर्जाको सुरक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सदस्यता लिई बचत तथा कर्जाको सुरक्षण गरेको अद्यावधिक विवरण बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्राधिकरणलाई र अन्य सहकारी संस्थाले विभागलाई उपलब्ध गराउनु पर्नेछ।"

१८. **मूल ऐनको दफा १०३ मा संशोधन** : मूल ऐनको दफा १०३ को,-

(१) उपदफा (२) मा रहेका "राष्ट्रिय सहकारी विकास बोर्ड," भन्ने शब्दहरू झिकिएका छन्।

(२) उपदफा (४) मा रहेका "राष्ट्रिय सहकारी विकास बोर्ड" भन्ने शब्दहरूको सट्टा "प्राधिकरण" भन्ने शब्द राखिएको छ।

१९. **मूल ऐनको दफा १०३ग. मा संशोधन** : मूल ऐनको दफा १०३ग. को,-

(१) उपदफा (१) को खण्ड (ङ) पछि देहायका खण्ड (च) र (छ) थपिएका छन् :-

"(च) विभागको रजिष्ट्रार -सदस्य

(छ) प्राधिकरणको कार्यकारी निर्देशक -सदस्य-सचिव"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) कार्यकारी निर्देशकको अनुपस्थितिमा प्राधिकरणको वरिष्ठ कर्मचारीले सदस्य-सचिव भई काम गर्नेछ।"

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) प्राधिकरणको कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।"

२०. **मूल ऐनको दफा १०३ज. मा संशोधन** : मूल ऐनको दफा १०३ज. को,-

(१) उपदफा (१) को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छ :-

"(ख१) सहकारी संस्थाको ऋण असुलीका लागि आवश्यक सहजीकरण गर्ने वा गराउने,"

(२) उपदफा (२) को खण्ड (घ) पछि देहायका खण्ड (ङ), (च), (छ) र (ज) थपिएका छन् :-

"(ङ) निश्चित अवधि तोकी बचतकर्ताहरूको बचत रकम फिर्ता गर्न आदेश दिने,

(च) आवश्यकताअनुसार नेपाल प्रहरी लगायतका निकायको सहयोग लिई सम्बन्धित व्यक्तिलाई प्राधिकरणमा उपस्थित गराई कारबाही अघि बढाउने,

(छ) खण्ड (ङ) बमोजिम प्राधिकरणले दिएको आदेशअनुसार बचत रकम फिर्ता नगर्ने वा सो कार्यमा सहयोग नगर्ने बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाका सञ्चालक, जिम्मेवार कर्मचारी, सम्बन्धित अन्य व्यक्तिको नाममा रहेको चल-अचल सम्पत्ति रोक्का गर्ने र विदेश यात्रामा प्रतिबन्ध लगाउने,

(ज) खण्ड (ङ), (च) र (छ) बमोजिमको प्रक्रिया अवलम्बन गर्दा पनि बचतकर्ताको बचत रकम फिर्ता नगरेमा प्राधिकरणले उक्त बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाका सञ्चालक, जिम्मेवार कर्मचारी, सम्बन्धित अन्य व्यक्ति वा निजको परिवारका सदस्यलाई प्रचलित कानूनबमोजिम कसूर कायम गरी कारबाही चलाउन सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउने।"

(३) उपदफा (८) पछि देहायको उपदफा (९) थपिएको छः-

"(९) यो ऐन वा यस ऐन अन्तर्गत प्राधिकरणलाई प्राप्त अधिकार मध्ये केही अधिकार प्राधिकरणले अध्यक्ष, सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।"

२१. **<u>मूल ऐनको दफा १०४ मा संशोधन</u>**ः मूल ऐनको दफा १०४ को,-

(१) उपदफा (१क) पछि देहायको उपदफा (१ख) थपिएको छ :-

"(१ख) उपदफा (१) र (१क) बमोजिम समस्याग्रस्त घोषणाको सिफारिस गर्नुअघि रजिष्ट्रार वा प्राधिकरणले सम्बन्धित सहकारी संस्थाका सञ्चालक, ऋणी सदस्य, व्यवस्थापक, जिम्मेवार कर्मचारी, लेखा सुपरीवेक्षण समितिका सदस्यहरू, ऋण उपसमिति लगायतका जिम्मेवार व्यक्तिहरू र हिनामिना तथा हानि-नोक्सानीमा संलग्न देखिएका अन्य व्यक्तिहरूको चल अचल सम्पत्ति, कारोबार, बैङ्क खाता, शेयर रोक्का राख्ने तथा ऋण तमसुक, विद्युतीय अभिलेखसमेत नियन्त्रणमा लिई वा रोक्का गरी विदेश यात्रामा समेत प्रतिबन्ध लगाउनु पर्नेछ।"

(२) उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छ :-

"(४) प्रदेश र स्थानीय तहको नियमन क्षेत्राधिकारभित्रका सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरी कारबाही अघि बढाउने सम्बन्धी व्यवस्था प्रदेश र स्थानीय तहको सहकारी सम्बन्धी कानूनबमोजिम हुनेछ र सो बमोजिम त्यस्ता संस्थाहरूको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी गर्न गठन हुने व्यवस्थापन समितिबाट ऐनको दफा ११९ बमोजिम माग गरेको सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।"

२२. **<u>मूल ऐनको दफा १०६ मा संशोधन</u>**ः मूल ऐनको दफा १०६ को,-

(१) खण्ड (ठ) मा रहेका "सञ्चालक, कर्मचारी वा निजका परिवारका सदस्यले" भन्ने शब्दहरूको सट्टा "सञ्चालक, पूर्व सञ्चालक, लेखा सुपरीवेक्षण समिति र उपसमितिका पदाधिकारी, व्यवस्थापक तथा कर्मचारी वा निजका परिवार वा नातेदारले" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ढ) मा रहेका "सञ्चालक र कर्मचारी वा निजहरूका परिवारका सदस्य वा अन्य व्यक्तिको" भन्ने शब्दहरूको सट्टा "सञ्चालक, पूर्व सञ्चालक, लेखा सुपरीवेक्षण समिति र उपसमितिका पदाधिकारी, व्यवस्थापक तथा कर्मचारी वा निजहरूका परिवार वा नातेदार वा अन्य व्यक्तिको" भन्ने शब्दहरू राखिएका छन्।

(३) खण्ड (ढ) पछि देहायका खण्ड (ण) र (त) थपिएका छन् :-

"(ण) ऋण असुल गर्ने प्रयोजनका लागि ऋणीहरूलाई सर्तसहित ताकेता गर्ने, ऋणीहरूको तीनपुस्ते विवरण सहितको नामनामेसी सार्वजनिक गर्न, ऋणीको सम्पत्ति तथा कारोवार रोक्का राखी लिलाम बिक्री गर्ने, कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने एवम् विदेश यात्रामा प्रतिबन्ध लगाउने लगायतका आवश्यक कार्य गर्ने, गराउने,

(त) आफ्नो कार्य सम्पादनका लागि आवश्यक पर्ने कार्यविधि तथा मापदण्ड बनाई लागु गर्ने, गराउने।"

२३. **मूल ऐनको दफा १०८ मा संशोधन** : मूल ऐनको दफा १०८ को उपदफा (१) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) समस्याग्रस्त संस्था वा सङ्घसँग कुनै कारोबार वा व्यावसाय गर्नका लागि अग्रिम रूपमा रकम बुझाउने व्यक्तिहरूको भुक्तानी"

२४. **मूल ऐनको दफा १०८ख. थप** : मूल ऐनको दफा १०८क. पछि देहायको दफा १०८ख. थपिएको छ :-

"१०८ख. चक्रीय राहत कोषको स्थापना : (१) दफा १०८क. को प्रयोजनका लागि दफा ११२क. बमोजिम दावी गरेका समस्याग्रस्त सहकारी संस्थाका सदस्यहरूलाई तत्काल बचत फिर्ता गर्ने प्रयोजनका लागि व्यवस्थापन समितिमा नेपाल सरकारले एक चक्रीय राहत कोषको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) सम्बन्धित संस्थाबाट सोधभर्ना बापत फिर्ता भएको रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) बमोजिम प्राप्त हुने रकम व्यवस्थापन समितिले 'क' वर्गको वाणिज्य बैङ्कमा कोषको छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ र सोको छुट्टा-छुट्टै अभिलेख राख्नु पर्नेछ।

(४) कोषको खातामा रहेको रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज हुने छैन।

(५) कोषमा नेपाल सरकारबाट प्राप्त रकमको छुट्टै आम्दानी तथा खर्चको छुट्टै अभिलेख राखी दफा १०८ को उपदफा (१) को खण्ड (क) को प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ।

(६) व्यवस्थापन समितिले कोषमा नेपाल सरकारबाट प्राप्त रकम क्रमशः समस्याग्रस्त संस्थाको अधिकार क्षेत्रमा रहेका ऋणीको चल अचल सम्पति र अन्य स्रोतबाट असुली भई आएको रकमबाट क्रमशः शोधभर्ना गर्दै जानेछ।

(७) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था नेपाल सरकार मन्त्रिपरिद्‌ले बनाएको कार्यविधिबमोजिम हुनेछ।"

२५. **<u>मूल ऐनको दफा ११० मा संशोधन</u>** : मूल ऐनको दफा ११० को सट्टा देहायको दफा ११० राखिएको छ :-

"११०. **<u>नेपाल सरकारले रकम उपलब्ध गराउने</u>** : (१) समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने खर्च त्यस्तो संस्था वा सङ्घको सम्पत्तिबाट व्यहोरिनेछ।

(२) उपदफा (१) बमोजिमको खर्च संस्था वा सङ्घको सम्पत्तिबाट व्यहोर्न नसकिने भएमा सो प्रयोजनका लागि आवश्यक रकम नेपाल सरकारले उपलब्ध गराउन सक्नेछ।"

२६. **<u>मूल ऐनको दफा ११५ मा संशोधन</u>** : मूल ऐनको दफा ११५ को उपदफा (१) को,-

(१) खण्ड (क) र (ख) मा रहेका "ऋणी" भन्ने शब्दको सट्टा "सञ्चालक तथा ऋणी" भन्ने शब्दहरू राखिएका छन्।

(२) खण्ड (ख) पछि देहायका खण्ड (ख१) थपिएको छ :-

"(ख१) दोहोरो रोक्का रहेको सहकारी संस्थाको चल अचल सम्पत्ति लिलाम बिक्री, बेचबिखन, दाखिला खारेज तथा रोक्का यथावत राख्ने,"

२७. **<u>मूल ऐनको दफा १२५ मा संशोधन</u>** : मूल ऐनको दफा १२५ को,-

(१) उपदफा (१), (२) र (३) मा रहेका "रजिष्ट्रारबाट अधिकार प्राप्त" भन्ने शब्दहरूको सट्टा

"प्राधिकरण वा प्राधिकरणबाट अधिकारप्राप्त" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१) को खण्ड (छ) मा रहेको "शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी" भन्ने शब्दहरूको सट्टा "शेयर पूँजीको पन्ध्र प्रतिशतभन्दा बढी" भन्ने शब्दहरू राखिएका छन्।

२८. **मूल ऐनको दफा १२९ मा संशोधन** : मूल ऐनको दफा १२९ मा रहेको "नेपाल राष्ट्र बैङ्क," भन्ने शब्दहरू पछि "प्राधिकरण," भन्ने शब्द थपिएको छ।

२९. **मूल ऐनको दफा १३५ मा संशोधन** : मूल ऐनको दफा १३५ को उपदफा (१) मा रहेका "राष्ट्रिय सहकारी विकास बोर्डको" भन्ने शब्दहरूको सट्टा "प्राधिकरणको" भन्ने शब्द राखिएको छ।

३०. **मूल ऐनको दफा १४९ मा संशोधन**: मूल ऐनको दफा १४९ को सट्टा देहायको दफा १४९ राखिएको छ :-

"१४९. नियम तथा विनियम बनाउन सक्ने: (१) यो ऐन कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही नेपाल सरकारको स्वीकृति लिई प्राधिकरणले आवश्यक विनियमहरू बनाउन सक्नेछ।"

३१. **मूल ऐनको दफा १५० मा संशोधन** : मूल ऐनको दफा १५० को उपदफा (८) पछि देहायका उपदफा (९) र (१०) थपिएका छन् :-

"(९) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस दफाबमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन तथा सुपरीवेक्षण प्राधिकरणले गर्नेछ।

(१०) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार र स्थानीय तहमा कार्यक्षेत्र भएका सहकारी संस्थाको दर्ता, अनुगमन, नियमन सम्बन्धी कार्य सङ्घीय कानून प्रतिकूल नहुने गरी प्रदेश र स्थानीय तहको सहकारी सम्बन्धी प्रचलित कानूनबमोजिम हुनेछ।"

३२. **मूल ऐनको दफा १५०क.मा संशोधन** : मूल ऐनको दफा १५०क. को उपदफा (४) पछि देहायका उपदफा (५), (६), (७) र (८) थपिएका छन्:-

"(५) उपदफा (१) बमोजिम प्रचलित कानूनबमोजिमका निकायबाट जारी भएको निर्देशनको पालना सम्बन्धमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्राधिकरणले तोकेको समयभित्र प्रतिवेदन पेस गर्नु पर्नेछ र सो प्रतिवेदन अध्ययन गरी प्राधिकरणले आवश्यक निर्देशन दिन

सक्नेछ।

(६) उपदफा (५) बमोजिमको निर्देशनको पालना भए नभएको सम्बन्धमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा प्राधिकरणले सघन अनुगमन वा विशेष निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ।

(७) प्राधिकरणले आवश्यकताअनुसार विभागसँगको समन्वय र सहभागितामा सघन अनुगमन वा विशेष निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ र प्राधिकरणले आफूमा रहेको अधिकारमध्ये केही अधिकार विभागलाई प्रत्यायोजन गर्न सक्नेछ।

(८) यस दफाबमोजिम सघन अनुगमन वा विशेष निरीक्षण तथा सुपरीवेक्षण गर्दा निर्देशन पालना नभएको पाइएमा प्राधिकरणले प्रचलित कानूनबमोजिम कारबाही तथा सजाय गर्न वा थप अनुसन्धान र कारबाही गर्नुपर्ने भए सम्बन्धित निकायसमक्ष सिफारिस गरी पठाउन सक्नेछ।"

३३. **मूल ऐनको दफा १५१ मा संशोधन** : मूल ऐनको दफा १५१ को उपदफा (१क) पछि देहायको उपदफा (१ख) थपिएको छ :-

"(१ख) प्राधिकरणले यो ऐन र यस अन्तर्गत बनेको नियमको अधीनमा रही आफ्नो कार्यसम्पादन गर्नको लागि निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ।

३४. **खारेजी र बचाउ** : (१) सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ खारेज गरिएको छ।

(२) सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ बमोजिम भए गरेका कार्य यसै ऐनबमोजिम भएको मानिनेछ।

प्रत्यायोजित व्यवस्थापन

"सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०८३" को प्रत्यायोजित व्यवस्थापन

क्रं.सं.	दफा	प्रत्यायोजित व्यवस्थापनको कारण	प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा	प्रत्यायोजित व्यवस्थापन बाट पर्न सक्ने प्रभाव
१.	१६क.को उपदफा (४)	बचत तथा ऋणको मूख्य कारोवार गर्ने सहकारी संस्थाहरुलाई प्राधिकरणबाट इजाजतपत्र प्रदान गर्दा निश्चित मापदण्ड र कार्यविधि अवलम्वन गर्नुपर्ने भएकोले	इजाजतपत्र प्रदान गर्दा अवलम्वन गर्नुपर्ने मापदण्ड र कार्यविधि नियमावलीमा गरिने।	बचत तथा ऋणको मूख्य कारोवार गर्ने सहकारी संस्थाहरुलाई इजाजत पत्रको माध्यमबाट नियमनको दायरामा ल्याउन सहज हुने।
२.	९७ को उपदफा (४)	बचत तथा ऋणको मूख्य कारोवार गर्ने सहकारी संस्थाहरुको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणलाई जोखिमको आधारमा विशेष रुपले प्राथमिकतामा राख्न आवश्यक भएको	अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी थप प्रावधान नियमावलीमा राखिने।	बचत तथा ऋणको मूख्य कारोवार गर्ने सहकारी संस्थाहरुको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षणलाई एकिकृत प्रणालीबाट कार्यान्वयन गर्न सहज हुने।
३.	१०३ग.को उपदफा २क.	प्राधिकरणको कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार स्पष्ट गर्न आवश्यक भएको	कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार नियमावलीमा राखिने।	प्राधिकरण, यसका अध्यक्ष र कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार स्पष्टता आई कार्यसम्पादन प्रभावकारी हुने।
४.	१०६ को खण्ड (त)	व्यवस्थापन समितिको कार्यसम्पादनका प्रक्रियाहरु व्यवस्थित गर्न कार्यविधि र मापदण्ड बनाई लागू गर्न आवश्यक भएको।	व्यवस्थापन समितिको कार्यसम्पादन सम्बन्धी कार्यविधि र मापदण्डमा व्यवस्था गरिने।	व्यवस्थापन समितिको कार्यसम्पादनलाई प्रभावकारी हुने।
५.	१०८ख. को उप दफा (७)	चक्रीय राहत कोष सञ्चालनका लागि कार्यविधि बनाई लागू गर्नुपर्ने भएको।	चक्रीय राहत कोष सञ्चालन कार्यविधिमा व्यवस्था गरिने।	कोष सञ्चालन प्रभावकारी हुने।
६.	१४९	ऐन कार्यन्वयनका लागि आवश्यक नियम तथा विनियम बनाउनुपर्ने।	सहकारी नियमावली र राष्ट्रिय सहकारी नियमन प्राधिकरणको विनियममा व्यवस्था गरिने।	सहकारीको नियमन तथा सुपरिवेक्षण प्रभावकारी हुने।
७.	१५१	ऐन र नियम कार्यान्वयनका लागि निर्देशिका र कार्याविधि आवश्यक भएको।	ऐन तथा नियमको सीमा भित्र रही प्राधिकरणक कार्यान्वयनका लागि निर्देशिका र कार्याविधि आवश्यक भएको।	ऐन र नियम कार्यान्वयन प्रभावकारी हुने।

सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक, २०८३ को व्याख्यात्मक टिप्पणी

सहकारी ऐन, २०७४ मा संशोधन		
दफा	दफा शीर्षक	टिप्पणी
१.	संक्षिप्त नाम र प्रारम्भ	ऐनको संक्षिप्त नाम ऐन प्रारम्भ हुने समय उल्लेख गर्न आवश्यक भएको।
२.	परिभाषा	ऐनमा प्रयोग भएका विभिन्न शब्दावलीको परिभाषा उल्लेख गर्न आवश्यक भएको।
१४.	दर्ताको लागि दरखास्त दिनुपर्ने	बचत तथा ऋण सहकारी संस्था दर्ता गर्दा प्रमुख नियामक निकायको रुपमा प्राधिकरणको पूर्व स्वीकृतिपत्र समावेश गर्न ।
१६क.	इजाजत लिनुपर्ने	बचत तथा ऋण सहकारीको प्रमुख नियामक निकायको रुपमा प्राधिकरणलाई अधिकार दिन।
२०क.	बचत तथा ऋणको मुख्य करोवार गर्ने सहकारी संस्ताको वर्गीकरण	बचत तथा ऋण परिचालनको आधारमा सहकारीलाई वर्गीकरण गरी दर्ता अभिलेखीकरण र म्याद नविकरण हुने।
२५.	संस्था वा संघको कार्य	बचत तथा ऋण सहकारीलाई प्राधिकरणले निर्देशन दिने व्यवस्था गर्न।
३२.	सदस्य हुन नपाउने	दोहोरो सदस्यता समाप्त गर्नुपर्ने अवधि उल्लेख गर्नुपर्ने भएको।
४१.	सञ्चालक समिति	दोहोरो सञ्चालक रहने व्यवस्थालाई नियमन हुने।
५०.	सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोवार गर्नुपर्ने	सहकारी संस्थाले ब्याज र सहकारी संघहरुले गर्ने वित्तीय कारोवारलाई नियमन गर्न।
५१.	सन्दर्भ ब्याजदर तोक्ने	राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई समितिमा समावेश हुने।
६८.	जगेडा कोष	प्रचलित लेखामान अनुसार जगेडा कोषमा बचत बृद्धिको व्यवस्था गर्न।
७०.	प्रवर्द्धन कोष	परिवर्तित सन्दर्भमा सहकारी प्रवर्धनको कार्य सहकारी विभागलाई तोक्न।
७३.	विवरण उपलब्ध गराउनुपर्ने	सहकारी संस्थालाई वार्षिक रुपमा अद्यावधिक गर्न।
८१.	कर्जा सूचना केन्द्र	सबै प्रकारका सहकारीलाई केन्द्रमा समावेश हुने।
९५.	निरीक्षण तथा हिसाबकिताब जाँच गर्ने	बचत तथा ऋण सहकारीको नियमन राष्ट्रिय सहकारी नियमन प्राधिकरण मार्फत् हुने।
९७.	बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी विशेष व्यवस्था	बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण राष्ट्रिय सहकारी नियमन प्राधिकरण मार्फत् हुने।
१०१.	निक्षेप तथा कर्जा सुरक्षण कोष	सबै प्रकारका सहकारी कोषमा आवद्ध हुने।
१०३.	स्थिरीकरण कोष	परिवर्तित सन्दर्भमा स्थिरीकरण कोषमा प्राधिकरणलाई समावेश गर्न ।
१०३ग.	प्राधिकरणको गठन	रजिष्ट्रार र कार्यकारी निर्देशकलाई समेट्दा प्रभावकारी हुने भएकोले।

१०३ज.	प्राधिकरणको काम, कर्तव्य र अधिकार	बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको नियमनमा प्राधिकरणलाई थप प्रभावकारी बनाउन परेकोले।
१०४.	संस्था वा संघ समस्याग्रस्त भएको घोषणा गर्न सकिने	समस्याग्रस्त घोषणाको सिफारिस गर्नुअघि पर्याप्त विश्लेषण र पूर्व तयारी गर्न पर्ने भएकोले।
१०६.	व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार	व्यवस्थापन समितिलाई थप प्रभावकारी बनाउन आवश्यक भएकोले
१०८.	दायित्व भुक्तानी सम्बन्धी व्यवस्था	दायित्व भुक्तानीमा देखिएका मुद्दाहरुको सम्बोधन हुने।
१०८ख.	चक्रीय राहत कोषको स्थापना	समस्याग्रस्त संस्थाका सदस्यको बचत फिर्तालाई प्राथमिकतामा राख्न ।
११०.	नेपाल सरकारले रकम उपलब्ध गराउने	व्यवस्थापन समितिको कार्यसम्पादनलाई प्रभावकारी बनाउन आवश्यक भएको।
११५.	व्यवस्थापन समितिले लेखी पठाउन सक्ने	सहकारीको रकम अपचलन गर्नेलाई कारवाहीको दायरामा ल्याउन आवश्यक भएको।
१२५.	जरिवाना हुने	जरिवाना गर्न सक्ने अधिकार प्राधिकरणलाई समेत प्रदान गर्न परेको।
१२९.	अनुसन्धानका लागि लेखी पठाउन सक्ने	अनुसन्धानका लागि लेखी पठाउन सक्ने अधिकार प्राधिकरणलाई समेत प्रदान गर्नु।
१३५.	संस्था सञ्चालन सम्बन्धी विशेष व्यवस्था	राष्ट्रिय सहकारी विकास वोर्ड खारेज भइसकेकाले प्राधिकरणलाई समावेश गर्न।
१४९.	नियम तथा विनियम बनाउन सक्ने	प्रत्यायोजित विधायन अन्तर्गत स्वायत्त निकाय प्राधीकरणलाई विनियम बनाउन सक्ने अधिकार प्रदान गर्न आवश्यक भएको।
१५०.	नियमन, अनुगमन र सुपरीवेक्षण सम्बन्धी विशेश व्यवस्था	बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको नियमनमा प्राधिकरणलाई थप प्रभावकारी बनाउनु ।
१५०क.	सम्पत्ती शुद्धिकरण सम्बन्धी निर्देशन पालना गर्नुपर्ने	बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको नियमनमा प्राधिकरणलाई थप प्रभावकारी बनाउन।
१५१.	मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने	बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको नियमनमा प्राधिकरणलाई थप प्रभावकारी बनाउन ।

सहकारी ऐन, २०७४ लाई संशोधन गर्नुपर्नाको कारण (तीन महले फाराम)				
क्र.सं	**संशोधन**	**साविक व्यवस्था**	**प्रस्तावित संशोधन**	**संशोधन गर्नुपर्नाको कारण**
१.	सहकारी ऐन, २०७४ को दफा २ को खण्ड (क) पछि खण्ड (क१) थप	नभएको	(क१) "इजाजतपत्र" भन्नाले दफा १६क. बमोजिम प्रदान गरिएको इजाजतपत्र सम्झनुपर्छ।"	इजाजत पत्रको परिभाषा गर्नुपरेकोले।
२.	मूल ऐनको दफा २ को खण्ड (घ) को सट्टा खण्ड (घ) राखिएको	(घ) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजू, भाइ, बुहारी र दिदी, बहिनी सम्झनु पर्छ। तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ–आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।	"(घ) "परिवार" भन्नाले सदस्यको देहायको नातेदार सम्झनु पर्छः- (१) पति, पत्नी, छोरा, बुहारी, छोरी, ज्वाईं, धर्मपुत्र, धर्मपुत्र बुहारी, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफैंले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु, भाइ, बुहारी, दिदी, बहिनी, (२) पुरूष सदस्यको हकमा निजका बाजे, बज्यै, सासु, ससुरा तथा महिला सदस्यको हकमा निजको सासु, ससुरा, र (३) दफा ८८ बमोजिम लगातार दुई वर्षसम्म कारोबार नगरी निष्क्रिय रहेको, यो ऐन र यस ऐनअन्तर्गत बनेको नियमावली विपरीत कार्य गरेको, लिक्वीडेशन वा खारेजीमा गएको र ऐनको दफा १०४ बमोजिम समस्याग्रस्त घोषणा भएको सहकारी संस्थाको सदस्यको हकमा अंशवण्डा गरी, मानो छुट्टिई वा सम्बन्ध विच्छेद भई बसेको परिवारको सदस्य।	परिवारको दायरा बढाउन परेकोले।

	मूल ऐनको दफा २ को खण्ड (घ) पछि खण्ड (घ१) थपः	नभएको	(घ१) "नातेदार" भन्नाले काका, काकी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी बुहारी, मामा, माइजू, भिनाजु, ज्वाईं, भान्जा, भान्जी, साला, साली, जेठान, जेठानी, फुपू, फुपाजु, नातिनी ज्वाईं, भिन्न भएका सासु, ससुरा, दाजु, भाइ, भाउजु, बुहारी र निजका एकाघरका सदस्य सम्झनु पर्छ र सो शब्दले आफू सदस्य रहेको सहकारी संस्थामा काम गर्ने कर्मचारीलाई समेत जनाउँछ।"	नातेदारसमेतमा लगानी भएको सहकारीको रकम, कारोवारलाई नियमन गर्न परेकोले।
३.	मूल ऐनको दफा २ को खण्ड (च) पछि खण्ड (च१) थप	नभएको	(च१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था" भन्नाले सहकारी संस्थाको वासलातमा उल्लेख भएको कुल सम्पत्ति वा कुल दायित्व रकममा संस्थाद्वारा सङ्कलित कुल बचत रकम वा प्रवाह भएको कुल ऋण रकमको अनुपात पचास प्रतिशतभन्दा बढी रहेको सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले कुनै सहकारी संस्थाको वासलातमा पच्चिस करोड रूपैयाँभन्दा बढी रकमको कुल बचत वा कुल ऋण लगानी रहेका सहकारी संस्थालाई समेत जनाउँछ।	प्राधिकरणले नियमन गर्नुपर्ने बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई परिभाषित गर्नुपरेकोले।
४.	मूल ऐनको दफा २ को खण्ड (ज) मा संशोधन	(ज) "मुख्य कारोबार" भन्नाले संस्था वा सङ्घले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोबारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनुपर्छ।	खण्ड (ज) मा रहेका "कम्तीमा तीस प्रतिशतभन्दा" भन्ने शब्दहरूको सट्टा "कम्तीमा पचास प्रतिशतभन्दा" भन्ने शब्दहरू राखिएका छन्।	मुख्य कारोवारको अर्थ र दायरा स्पष्ट गर्नुपरेकोले।

५.	मूल ऐनको दफा २ को खण्ड (झ) को सट्टा खण्ड (झ) राखिएको	(झ) "रजिष्ट्रार" भन्नाले दफा ९२ बमोजिम तोकिएको रजिष्ट्रार सम्झनु पर्छ।	"(झ) "रजिष्ट्रार" भन्नाले दफा ९२ बमोजिम तोकिएको रजिष्ट्रार सम्झनुपर्छ र सो शब्दले प्रदेश सरकार र स्थानीय तहको प्रचलित सहकारी कानूनले रजिष्ट्रार वा दर्ता अधिकारीको कार्य गर्ने गरी तोकिएको अधिकृत कर्मचारीलाई समेत जनाउँछ।	तीन तहकै राजिष्ट्रारलाई समेट्नु पर्ने भएकोले।
६.	मूल ऐनको दफा (२) को खण्ड (ठ) मा संशोधन	"विभाग" भन्नाले सहकारी विभाग सम्झनुपर्छ।	खण्ड (ठ) मा रहेको "सहकारी" भन्ने शब्द पछि "विषय हेर्ने" भन्ने शब्दहरू थपिएको छ।	प्रदेश र स्थानीय तहको नियामकिय निकायलाई समेट्नु पर्ने भएकोले।
७.	मूल ऐनको दफा १४ को उपदफा (३) को सट्टा उपदफा (३) राखिएको	(३) उपदफा (१) बमोजिम सहकारी बैङ्क दर्ताको लागि दरखास्त दिँदा उपदफा (२) मा उल्लिखित कागजातका अतिरिक्त नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति प्राप्त गरेको पत्र समेत संलग्न गर्नु पर्नेछ।	(३) उपदफा (१) बमोजिम दरखास्त दिंदा सहकारी बैंकको हकमा नेपाल राष्ट्र बैंक र बचत तथा ऋण सहकारी संस्थाको हकमा प्राधिकरणको पूर्व स्वीकृतिपत्र समेत संलग्न गर्नुपर्नेछ।	बचत तथा ऋण सहकारी संस्थाको दर्ता, सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक भएकोले।
८.	मूल ऐनको दफा १६ पछि १६क. थपः	नभएको	"**१६क. <u>इजाजत लिनुपर्ने</u>** : (१) दफा १५ को उपदफा (१) बमोजिम दर्ता भई सञ्चालनमा रहेका वा सोही दफाको उपदफा (८) बमोजिम दर्ता भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले यस दफाबमोजिम प्राधिकरणबाट कार्य सञ्चालन इजाजतपत्र (अपरेटिङ लाइसेन्स) लिनु पर्नेछ।" (२) यो अध्यादेश प्रारम्भ हुँदाका बखत उपदफा (१) बमोजिम दर्ता भएका बचत तथा ऋणको मुख्य कारोबार गर्ने सरकारी संस्थाले यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र इजाजतपत्र लिनु पर्नेछ ।	संसदीय छानविन समितिको सिफारिस अनुसार बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारीलाई नियमनको लागि इजाजत प्रणालीको व्यवस्था गर्नुपरेकोले।

			(३) उपदफा (१) बमोजिमको इजाजतपत्र वार्षिक रूपमा नवीकरण गर्नु पर्नेछ। (४) उपदफा (१) बमोजिमको इजाजतपत्रको नवीकरण दस्तुर, इजाजतपत्र प्रदान गर्ने कार्यविधि र मापदण्ड तोकिएबमोजिम हुनेछ। (५) कुनै इजाजतपत्र प्राप्त सहकारी संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम विपरीत काम गरेमा वा प्राधिकरणले दिएको निर्देशन पालना नगरेमा वा सदस्यको हित विपरीत काम गरेमा वा प्राधिकरणसमक्ष पेस गर्नुपर्ने आर्थिक तथा कारोबार सम्बन्धी विवरण पेस नगरेमा प्राधिकरणले अवधि तोकी त्यस्तो सहकारी संस्थाको इजाजतपत्र निलम्बन गर्न सक्नेछ। (६) उपदफा (४) बमोजिम निलम्बनमा रहेको सहकारी संस्थाले निलम्बनको अवधिभर कारोबार गर्न सक्ने छैन।"	
९.	मूल ऐनको दफा २०क. को उपदफा (२) मा संशोधन	(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको वर्गीकरण गर्ने प्रयोजनको लागि यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र प्राधिकरण वा प्राधिकरणले तोकेको निकायमा दर्ता हुनु पर्नेछ।	(२) मूल ऐनको दफा २०क. को उपदफा (२) मा रहेका "एक वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "प्राधिकरणले निर्धारण गरेको अवधिभित्र" भन्ने शब्दहरू राखिएका छन्।	बचत तथा ऋणको मुख्य कारोवार गर्ने सबै सहकारी संस्थालाई समेट्न दर्ता हुनुपर्ने म्याद थप गर्नु परेको।

१०.	मूल ऐनको दफा २५ मा संशोधन	(ज) मन्त्रालय, रजिष्ट्रार, प्रदेश, स्थानीय तह वा कार्यालयको निर्देशन पालना गर्ने।	मूल ऐनको दफा २५ को खण्ड (ज) मा रहेको "मन्त्रालय," भन्ने शब्द पछि "प्राधिकरण," भन्ने शब्द थपिएको छ।	बचत तथा ऋण सहकारी संस्थाको हकमा प्राधकरण थप गर्नुपरेको।
११.	मूल ऐनको दफा ३२ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा मा संशोधन	तर यो उपदफा प्रारम्भ हुँदाका बखत एकै प्रकृतिको एकभन्दा बढी सहकारी संस्थाको सदस्य भएको व्यक्तिले यो उपदफा प्रारम्भ भएको मितिले **एक वर्षभित्र** कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ।	मूल ऐनको दफा ३२ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "एक वर्षभित्र" भन्ने शब्दहरूको सट्टा "दुई वर्षभित्र" भन्ने शब्दहरू राखिएका छन्।	एउटै व्यक्ति एकै प्रकृतिको सहकारीमा सदस्य हुने प्रावधानको म्याद थप गर्न पर्ने भएकोले।
१२.	मूल ऐनको दफा ४१ उपदफा (३क.) मा संशोधन	उपदफा (३क.) कुनै पनि व्यक्ति कुनै **एक तहको** सहकारी संस्थाको सञ्चालक समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, लेखा समितिको संयोजक पदमा दुई कार्यकालभन्दा बढी अवधिको लागि निर्वाचित हुन सक्ने छैन।	मूल ऐनको दफा ४१ को उपदफा (३क) मा रहेका "एक तहको" भन्ने शब्दहरू झिकिएका छन्।	एउटै व्यक्ति बहुतहका सञ्चालकहरुमा रहने प्रावधान हटाउन आवश्यक भएको।
१३.	मूल ऐनको दफा ५० को उपदफा (५) पछि उपदफा (५क.) थप	नभएको	(५क.) यस दफा बमोजिम ब्याजदर गणना गर्दा सन्दर्भ ब्याजदर लागू भएकोमा सोही अनुसार र सन्दर्भ ब्याजदर लागु हुनु भन्दा अगाडिको हकमा लिखतमा उल्लेखित ब्याज दरलाई आधार मान्नुपर्ने र हर्जाना रकम असुल हुन बाँकी ब्याज रकमको पाँच प्रतिशत भन्दा वढी लिन पाइने छैन।	सहकारी संस्थाले लिने ब्याजलाई नियमन गर्न आवश्यक भएको।
१४.	मूल ऐनको दफा ५० को उपदफा (८) पछि उपदफा (९) थप	नभएको	"(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सहकारी संघहरूले बचत तथा ऋणको कारोबार गर्न सक्ने छैनन्। तर यो उपदफा प्रारम्भ हुँदाका बखत बचत तथा ऋणको कारोवार गरिरहेका सहकारी संघहरूले यो उपदफा प्रारम्भ भएको मितिले तीन	सहकारी संघहरुलाई आफ्नो उद्देश्यमा केन्द्रित गराउन र बचत तथा ऋणको कारोवारलाई इजाजत प्रणालीको माध्यमबाट नियमन गर्न आवश्यक भएकोले।

			वर्षभित्र उक्त कारोवार बन्द गर्नुपर्नेछ।	
१५.	मूल ऐनको दफा ५१ को उपदफा (१) को खण्ड (ङ) मा संशोधन	(ङ) प्रतिनिधि, राष्ट्रिय सहकारी विकास बोर्ड - सदस्य	मूल ऐनको दफा ५१ को उपदफा (१) को खण्ड (ङ) मा रहेका "राष्ट्रिय सहकारी विकास बोर्ड" भन्ने शब्दहरूको सट्टा "प्राधिकरण" भन्ने शब्द राखिएको छ।	राष्ट्रिय सहकारी विकास वोर्ड खारेज भई प्राधिकरणमा समावेश भएकोले।
१६.	मूल ऐनको दफा ६८ को उपदफा (३) पछि उपदफा (४) थप	नभएको	(४) प्रचलित लेखामानको व्यवस्था अनुसार नाफा नोक्सान हिसावमा भूतप्रभावी संशोधन गर्नु परेमा त्यस्तो संशोधनको प्रभाव स्वरुप बचत (नाफा) बृद्धि हुने भएमा सो हदसम्म जगेडा कोषमा समेत संशोधन गर्नुपर्नेछ।	एनएफआरएस लागू भई सकेकोले वास्तविक वित्तीय अवस्था अनुसार जगेडा कोषको पूँजी वृद्दि गर्नु पर्ने भएकोले।
१७.	मूल ऐनको दफा ७० को उपदफा (३) को सट्टा उपदफा (३) राखिएको	(३) उपदफा (१) बमोजिमको कोष सहकारी तथा गरिबी निवारण मन्त्रालयमा रहनेछ।	(३) उपदफा (१) बमोजिमको कोष र कोषको सचिवालय विभागमा रहनेछ।	नियमनमा प्राधिकरण र प्रवर्द्धनमा विभागलाई केन्द्रित गर्नुपरेकोले।
१८.	मूल ऐनको दफा ७० को उपदफा (७) मा संशोधन	(७) उपदफा (१) बमोजिमको कोषमा राखेको रकम वितरणका लागि सम्बन्धित मन्त्रालयको मन्त्रीको संयोजकत्वमा **राष्ट्रिय सहकारी विकास बोर्डको सहअध्यक्ष**, मन्त्रालयका सचिव, अर्थ मन्त्रालयका सहसचिव, सहकारी महासङ्घका अध्यक्ष, केन्द्रीय बचत तथा ऋण सहकारी सङ्घको अध्यक्ष र रजिष्ट्रार सदस्य भएको एक समिति रहनेछ।	(७) उपदफा (७) मा रहेका "राष्ट्रिय सहकारी विकास बोर्डको सहअध्यक्ष" भन्ने शब्दहरूको सट्टा "प्राधिकरणको अध्यक्ष" भन्ने शब्दहरू राखिएका छन् ।	राष्ट्रिय सहकारी विकास वोर्ड खारेज भई प्राधिकरणमा समावेश भएकोले।
१९.	मूल ऐनको दफा ७० को उपदफा (१०) मा संशोधन	(१०) उपदफा (६) बमोजिम प्राप्त हुने रकमको खर्च तथा उपलब्धी विवरण राष्ट्रिय सहकारी विकास बोर्ड समक्ष पेश गर्नु पर्नेछ।	(१०) उपदफा (१०) मा रहेका "विवरण राष्ट्रिय सहकारी विकास बोर्ड समक्ष पेश गर्नु पर्नेछ।" भन्ने शब्दहरूको सट्टा "विवरणको अभिलेख विभागले राख्नु पर्नेछ।" भन्ने शब्दहरू राखिएका छन् ।	राष्ट्रिय सहकारी विकास वोर्ड खारेज भएको र प्रवर्द्धन कोष विभागमा रहेकोले।

२०.	मूल ऐनको दफा ७३ को उपदफा (१क.) पछि उपदफा (१ख.) थप	नभएको	(१ख.) उपदफा (१क.) बमोजिमको विवरण प्रविष्ट भएपछि रजिष्ट्रारले हरेक वर्ष शेयर सदस्य र शेयर रकम उल्लेख गरी संस्था अद्यावधिक गर्नुपर्नेछ।	हरेक वर्ष सहकारी संस्था अद्यावधिक हुने व्यवस्था गर्नु परेकोले।
२१.	मूल ऐनको दफा ८१ को उपदफा (१) मा संशोधन	(१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएको कर्जा सूचना केन्द्रको सदस्यता प्राप्त गरी ऋण कारोबारको सूचना आदान प्रदान गर्नु पर्नेछ।	(१) उपदफा (१) मा रहेका "बचत तथा ऋणको मुख्य कारोबार गर्ने" भन्ने शब्दहरू झिकिएका छन्।	सबै सहकारी संस्थालाई कर्जा सूचना केन्द्रमा आबद्ध गर्न।
२२.	मूल ऐनको दफा ८१ को उपदफा (४) पछि उपदफा (५) थप	नभएको	(५) बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको हकमा प्राधिकरण र अन्य सहकारीको हकमा विभागले कर्जा सूचना केन्द्रसँग आवश्यक समन्वय गर्नेछ।	केन्द्रसँग समन्वय गर्ने निकाय तोक्न परेकोले।
२३.	मूल ऐनको दफा ९५ को उपदफा (८) पछि उपदफा (९) थप	नभएको	(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको हिसाब जाँच प्राधिकरणले गर्न सक्नेछ।	वित्तीय कारोवार गर्ने सहकारी संस्थाको नियमनमा प्राधिकरण लाई समावेश गर्नु परेको।
२४.	मूल ऐनको दफा ९७ को सट्टा दफा ९७ राखिएको	**९७. <u>बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण</u>** सम्बन्धी विशेष व्यवस्थाः (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था वा सङ्घले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ। (२) रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्था वा सङ्घको तोकिए	**९७. <u>बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाको अनुगमन,</u>** निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी विशेष व्यवस्थाः (१) बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाले प्राधिकरणले तोकेबमोजिमको अनुगमन प्रणाली अवलम्बन गर्नुपर्नेछ। (२) उपदफा (१) बमोजिमको अनुगमन प्रणालीमा आधारित भई बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण प्राधिकरण वा प्राधिकरणसंगको समन्वयमा विभागले समेत गर्न सक्नेछ।	बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाले को नियमन प्राधिकरणले गर्नेगरी व्यवस्था भइसकेकोले सो अनुसार पुनर्व्यवस्थित गर्नुपरेकोले।

		बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ। (३) उपदफा (२) बमोजिम संस्था वा सङ्घको निरीक्षण तथा अनुगमन गर्दा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैङ्क लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ। (४) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था वा सङ्घको निरीक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।	(३) उपदफा (२) बमोजिम अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण गर्दा बचत तथा ऋण परिचालन मापदण्ड कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ। (४) बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।	
२५.	मूल ऐनको दफा १०१ को सट्टा दफा १०१ राखिएको	१०१. <u>निक्षेप तथा कर्जा सुरक्षण कोषको सदस्यता लिनु पर्ने:</u> यस ऐन बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित सदस्य संस्थाको रुपमा सदस्यता लिनु पर्नेछ।	१०१. <u>निक्षेप तथा कर्जा सुरक्षण कोषको सदस्यता लिनुपर्ने:</u> (१) यस ऐन बमोजिम बचत तथा ऋणको समेत कारोवार गर्ने सहकारी संस्थाले प्रचलित कानून बमोजिम स्थापना भएको निक्षेप तथा कर्जा सुरक्षण कोषको सुरक्षित सदस्यता लिई बचत तथा कर्जाको सुरक्षण गर्नुपर्नेछ। (२) उपदफा (१) बमोजिम सदस्यता लिई बचत तथा कर्जाको सुरक्षण गरेको अद्यावधिक विवरण तयार गरी बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्राधिकरणलाई र अन्य सहकारी संस्थाले विभागलाई उपलब्ध गराउनु पर्नेछ।"	सावीकको "राष्ट्रिय सहकारी विकास वोर्ड" विघटन भई राष्ट्रिय सहकारी नियमन प्राधिकरण कायम भएको ।
२६.	मूल ऐनको दफा १०३ को उपदफा (२) मा संशोधन	(२) उपदफा (१) बमोजिमको कोषमा इच्छुक सहकारी संस्था, बचत तथा ऋण विषयगत केन्द्रीय सहकारी	(२) उपदफा (२) मा रहेका "राष्ट्रिय सहकारी विकास बोर्ड," भन्ने शब्दहरू झिकिएका छन्।	सावीकको "राष्ट्रिय सहकारी विकास वोर्ड" विघटन भएको।

		सङ्घमा सदस्य रहेका सहकारी संस्था, राष्ट्रिय सहकारी महासङ्घ, राष्ट्रिय सहकारी बैङ्क, **राष्ट्रिय सहकारी विकास बोर्ड**, नेपाल राष्ट्र बैङ्क, मन्त्रालय, नेपाल सरकारका अन्य निकाय र अन्तर्राष्ट्रिय सहकारी सङ्घहरूको योगदान रहन सक्नेछ।		
२७.	मूल ऐनको दफा १०३ को उपदफा (४) मा संशोधन	(४) स्थिरीकरण कोषको सञ्चालनका लागि बचत तथा ऋण केन्द्रीय सङ्घ, राष्ट्रिय सहकारी बैङ्क, राष्ट्रिय सहकारी महासङ्घ, **राष्ट्रिय सहकारी विकास बोर्ड**, नेपाल राष्ट्र बैङ्क, मन्त्रालय, अर्थ मन्त्रालय र विभागको प्रतिनिधि समेत रहने गरी तोकिए बमोजिमको सञ्चालन समिति रहनेछ।	(४) उपदफा (४) मा रहेका "राष्ट्रिय सहकारी विकास बोर्ड" भन्ने शब्दहरूको सट्टा "प्राधिकरण" भन्ने शब्द राखिएको छ।	साविकको "राष्ट्रिय सहकारी विकास वोर्ड" विघटन भएको।
२८.	मूल ऐनको दफा १०३ग. को मा उपदफा (१) को खण्ड (ङ) पछि खण्ड (च) र (छ) थप	नभएको	(च) विभागका रजिष्ट्रार - सदस्य (छ) प्राधिकरणका कार्यकारी निर्देशक - सदस्य सचिव	सहकारी संस्था आधारभुत सूचना र विवरण आदानप्रादन गरी नियमनलाई प्रभावकारी बनाउन रजिष्ट्रारलाई समेत समावेश गर्न आवश्यक भएको।
२९.	मूल ऐनको दफा १०३ग. उपदफा (२) को सट्टा उपदफा (२) राखिएको	(२) प्राधिकरणको वरिष्ठ कर्मचारीले प्राधिकरणको सचिव भई काम गर्नेछ।	(२) कार्यकारी निर्देशकको अनुपस्थितिमा प्राधिकरणको वरिष्ठ कर्मचारीले सदस्य सचिव भई काम गर्नेछ।"	प्राधिकरणलाई थप प्रभावकारी बनाउन।
३०.	मूल ऐनको दफा १०३ग. को उपदफा (२) पछि उपदफा (२क.) थप	नभएको	(२क.) प्राधिकरणको कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।	काम कर्तब्य नियमावलीमा तोक्न उपयुक्त हुने।
३१.	मूल ऐनको दफा १०३ज. को उपदफा	नभएको	(ख१) सहकारी संस्थाको ऋण असुलीका लागि आवश्यक सहजीकरण गर्ने वा गराउने।	बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको ऋण असुलीमा

	(१क.) को खण्ड (ख) पछि खण्ड (ख१.) थप			सहजीकरण गर्न आवश्यक भएको।
३२.	मूल ऐनको दफा १०३ज. को उपदफा (२) को खण्ड (घ) पछि खण्ड (ङ), (च), (छ), र (ज) थप	नभएको	(ङ) निश्चित अवधि तोकी बचतकर्ताहरूको बचत रकम फिर्ता गर्न आदेश दिने, (च) आवश्यकताअनुसार नेपाल प्रहरी लगायतका निकायको सहयोग लिई प्राधिकरणमा उपस्थित गराई कारबाही अघि बढाउने, (छ) खण्ड (ङ) बमोजिम प्राधिकरणले दिएको आदेशअनुसार बचत रकम फिर्ता नगर्ने वा सो कार्यमा सहयोग नगर्ने बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाका सञ्चालक, जिम्मेवार कर्मचारी, सम्बन्धित अन्य व्यक्तिको नाममा रहेको चल-अचल सम्पत्ति रोक्का गर्ने र विदेश यात्रामा प्रतिबन्ध लगाउने, (ज) खण्ड (ङ), (च) र (छ) बमोजिमको प्रक्रिया अवलम्बन गर्दा पनि बचतकर्ताको बचत रकम फिर्ता नगरेमा प्राधिकरणले उक्त बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाका सञ्चालक, जिम्मेवार कर्मचारी, सम्बन्धित अन्य व्यक्ति वा निजको परिवारका सदस्यलाई प्रचलित कानूनबमोजिम कसूर कायम गरी कारबाही चलाउन सम्बन्धित प्रहरी कार्यालयमा लेखी पठाउने।	बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन सम्बन्धी थप कार्य उल्लेख गर्नुपर्ने भएको।
३३.	मूल ऐनको दफा १०३ज.को उपदफा (८) पछि उपदफा (९) थप	नभएको	(९) यो ऐन वा यस ऐन अन्तर्गत प्राधिकरणलाई प्राप्त अधिकार प्राधिकरणले अध्यक्ष, सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।	प्राधिकरणको कामलाई प्रभावकारी बनाउन अधिकार प्रत्यायोजन आवश्यक भएकोले
३४.	मूल ऐनको दफा १०४ को उपदफा (१क.)	नभएको	(१ख) उपदफा (१) र (१क) बमोजिम समस्याग्रस्त घोषणाको सिफारिस गर्नु अघि रजिष्ट्रार वा	समस्याग्रस्त घोषणा गर्नु अघि पूर्व तयारी स्वरुपका

	पछि उपदफा (१ख.) थप		प्राधिकरणले सम्बन्धित सहकारी संस्थाका सञ्चालक, ऋणी सदस्य, व्यवस्थापक, जिम्मेवार कर्मचारी, लेखा सुपरीवेक्षण समितिका सदस्यहरू, ऋण उपसमिति लगायतका जिम्मेवार व्यक्तिहरू र हिनामिना तथा हानि-नोक्सानीमा संलग्न देखिएका अन्य व्यक्तिहरूको चल अचल सम्पत्ति, कारोबार, बैङ्क खाता, शेयर रोक्का राख्ने तथा ऋण तमसुक, विद्युतीय अभिलेखसमेत नियन्त्रणमा लिई वा रोक्का गरी विदेश यात्रामा समेत प्रतिबन्ध लगाउनु पर्नेछ।	कृयाकलाप सम्पन्न गर्नुपर्ने भएकोले।
३५.	मूल ऐनको दफा १०४ को उपदफा (३) पछि उपदफा (४) थप	नभएको	(४) प्रदेश र स्थानीय तहको नियमन क्षेत्राधिकारभित्रका सहकारी संस्थालाई समस्याग्रस्त घोषणा गरी कारबाही अघि बढाउने सम्बन्धी व्यवस्था प्रदेश र स्थानीय तहको सहकारी सम्बन्धी कानूनबमोजिम हुनेछ र सो बमोजिम त्यस्ता संस्थाहरूको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी गर्न गठन हुने व्यवस्थापन समितिबाट ऐनको दफा ११९ बमोजिम माग गरेको सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।	प्रदेश र स्थानीय तहका सहकारीको समेत ब्यवस्थापन गर्न सहज हुने।
३६.	मूल ऐनको दफा १०६ को खण्ड (ठ) मा संशोधन	(ठ) समस्याग्रस्त संस्था वा सङ्घको **सञ्चालक, कर्मचारी वा निजका परिवारको सदस्यले** बचतकर्ताको बचत पूरै वा आंशिक रूपमा कुनै कम्पनी, संस्था वा आर्थिक कारोबार वा व्यवसायमा प्रयोग गरेको पाइएमा त्यसरी प्रयोग भएको रकम वा सोबाट बढे बढाएको सम्पत्ति कब्जामा	खण्ड (ठ) मा रहेका "सञ्चालक, कर्मचारी वा निजका परिवारका सदस्यले" भन्ने शब्दहरूको सट्टा "सञ्चालक, पूर्व सञ्चालक, लेखा सुपरीवेक्षण समिति र उपसमितिका पदाधिकारी, व्यवस्थापक तथा कर्मचारी वा निजका परिवार वा नातेदारले" भन्ने शब्दहरू राखिएका छन्।	सहकारीको सम्पति अपचलन र दुरुपयोगमा सञ्चालकहरुलाई थप जिम्मेवार बनाउन।

		लिने र सो सम्पत्ति मध्येबाट बचतकर्ताको बचत भरी भराउ गर्न लिलाम बिक्री वा असूल उपर सम्बन्धी आवश्यक कारबाही गर्ने,		
३७.	मूल ऐनको दफा १०६ को खण्ड (ढ) मा संशोधन	(ढ) समस्याग्रस्त संस्था वा सङ्घको **सञ्चालक र कर्मचारी वा निजहरूका परिवारका सदस्य वा अन्य व्यक्तिको** नाममा राखेको संस्था वा सङ्घको चल अचल सम्पत्ति वा संस्था वा सङ्घको सम्पत्तिबाट खरिद गरेको अचल सम्पत्ति कब्जामा लिई त्यस्तो सम्पत्ति लिलामबिक्री समेत गरी बचतकर्तालाई फिर्ता दिलाउने काम गर्ने।	खण्ड (ढ) मा रहेका "सञ्चालक र कर्मचारी वा निजहरूका परिवारका सदस्य वा अन्य व्यक्तिको" भन्ने शब्दहरूको सट्टा "सञ्चालक, पूर्व सञ्चालक, लेखा सुपरीवेक्षण समिति र उपसमितिका पदाधिकारी, व्यवस्थापक तथा कर्मचारी वा निजहरूका परिवार वा नातेदार वा अन्य व्यक्तिको" भन्ने शब्दहरू राखिएका छन्।	सहकारीको सम्पति अपचलन र दुरुपयोगमा सञ्चालकहरुलाई थप जिम्मेवार बनाउन।
३८.	मूल ऐनको दफा १०६ को खण्ड (ढ) पछि खण्ड (ण) र (त) थप	नभएको	"(ण) ऋण असुल गर्ने प्रयोजनका लागि ऋणीहरूलाई सर्तसहित ताकेता गर्ने, ऋणीहरूको तीनपुस्ते विवरण सहितको नामनामेसी सार्वजनिक गर्न, ऋणीको सम्पत्ति तथा कारोवार रोक्का राखी लिलाम बिक्री गर्ने, कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने एवम् विदेश यात्रामा प्रतिबन्ध लगाउने लगायतका आवश्यक कार्य गर्ने, गराउने, (त) आफ्नो कार्य सम्पादनका लागि आवश्यक पर्ने कार्यविधि तथा मापदण्ड बनाई लागु गर्ने, गराउने।"	ऋण असुलीलाई प्रभावकारी बनाउन आवश्यक भएकोले।
३९.	मूल ऐनको दफा १०८ को खण्ड (ग) को सट्टा खण्ड (ग) राखिएको	(ग) समस्याग्रस्त संस्था वा सङ्घलाई अर्पाटमेन्ट वा जग्गाको लागि अग्रीम रूपमा रकम बुझाउने व्यक्तिहरूको भुक्तानी,	(ग) **समस्याग्रस्त** संस्था वा संघसँग कुनै कारोवार वा व्यवसाय गर्नका लागि अग्रिम रुपमा रकम बुझाउने व्यक्तिहरुको भुक्तानी	सहकारीको अन्य कारोवारलाई समेत समेट्न पर्ने भएको।

४०.	मूल ऐनको दफा १०८क. पछि दफा १०८ख. थप	नभएको	"१०८ख. चक्रीय राहत कोषको स्थापना : (१) दफा १०८क. को प्रयोजनका लागि दफा ११२क. बमोजिम दावी गरेका समस्याग्रस्त सहकारी संस्थाका सदस्यहरूलाई तत्काल बचत फिर्ता गर्ने प्रयोजनका लागि व्यवस्थापन समितिमा नेपाल सरकारले एक चक्रीय राहत कोषको स्थापना गर्न सक्नेछ। (२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ :- (क) नेपाल सरकारबाट प्राप्त रकम, (ख) सम्बन्धित संस्थाबाट सोधभर्ना बापत फिर्ता भएको रकम, (ग) अन्य स्रोतबाट प्राप्त रकम। (३) उपदफा (२) बमोजिम प्राप्त हुने रकम व्यवस्थापन समितिले 'क' वर्गको वाणिज्य बैङ्कमा कोषको छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ र सोको छुट्टा-छुट्टै अभिलेख राख्नु पर्नेछ। (४) कोषको खातामा रहेको रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज हुने छैन। (५) कोषमा नेपाल सरकारबाट प्राप्त रकमको छुट्टै आम्दानी तथा खर्चको छुट्टै अभिलेख राखी दफा १०८ को उपदफा (१) को खण्ड (क) को प्रयोजनमा मात्र खर्च गर्नु पर्नेछ। (६) व्यवस्थापन समितिले कोषमा नेपाल सरकारबाट प्राप्त रकम क्रमशः समस्याग्रस्त संस्थाको अधिकार क्षेत्रमा रहेका ऋणीको चल अचल सम्पति र अन्य स्रोतबाट असुली भई आएको	समस्याग्रस्त सहकारी संस्थाका सदस्यहरूलाई तत्काल बचत फिर्ता गर्ने प्रयोजनका लागि कोषको व्यवस्था गर्न आवश्यक भएको।

			रकमबाट क्रमशः शोधभर्ना गर्दै जानेछ। (७) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था नेपाल सरकार मन्त्रिपरिद्‌ले बनाएको कार्यविधिबमोजिम हुनेछ।"	
	मूल ऐनको दफा ११० को सट्टा दफा ११० राखिएको	**११०. संस्था वा सङ्घको सम्पत्तिबाट खर्च व्यहोरिनेः** समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने सम्पूर्ण खर्च त्यस्तो संस्था वा सङ्घको सम्पत्तिबाट व्यहोरिनेछ।	**"११०. <u>नेपाल सरकारले रकम उपलब्ध गराउने</u>** : (१) समस्याग्रस्त संस्था वा सङ्घको सम्पत्ति व्यवस्थापन गर्ने सिलसिलामा लाग्ने खर्च त्यस्तो संस्था वा सङ्घको सम्पत्तिबाट व्यहोरिनेछ। (२) उपदफा (१) बमोजिमको खर्च संस्था वा सङ्घको सम्पत्तिबाट व्यहोर्न नसकिने भएमा सो प्रयोजनका लागि आवश्यक रकम नेपाल सरकारले उपलब्ध गराउन सक्नेछ।"	तत्कालका लागि व्यवस्थापन गर्न आवश्यक भएको।
४१.	मूल ऐनको दफा ११५ को उपदफा (१) को खण्ड (क) र (ख) मा संशोधन	(क) समितिको ऋणी सदस्य, व्यवस्थापक तथा कर्मचारी वा निजका परिवारको सदस्य वा संस्था वा सङ्गको कुनै बैङ्क वा वित्तीय संस्थामा भएको आर्थिक कारोबार वा खाता वा अन्य चल अचल सम्पत्ति रोक्का राख्न, (ख) समितिको ऋणी सदस्य, व्यवस्थापक वा कर्मचारीलाई राहदानी जारी नगर्न वा जारी भई सकेको भए सो राहदानी रोक्का राख्न,	(१) खण्ड (क) र (ख) मा रहेका "ऋणी" भन्ने शब्दको सट्टा "सञ्चालक तथा ऋणी" भन्ने शब्दहरू राखिएका छन्। (२) खण्ड (ख) पछि देहायका खण्ड (ख१) थपिएको छ :- "(ख१) दोहोरो रोक्का रहेको सहकारी संस्थाको चल अचल सम्पत्ति लिलाम बिक्री, बेचबिखन, दाखिला खारेज तथा रोक्का यथावत राख्ने,"	संस्थाको मुख्य जिम्मेवार अंग सञ्चालक समितिलाई जिम्मेवार बनाउन आवश्यक भएको।
४२.	मूल ऐनको दफा ११५ को उपदफा (१) को खण्ड (ख) पछि खण्ड (ख१) थप	नभएको	(ख१) दोहोरो रोक्का रहेको सहकारी संस्थाको चल अचल सम्पत्ति लिलाम बिक्री, बेचविखन, दाखिला खारेज तथा रोक्का यथावत राख्न,	संस्थाको सम्पत्ति व्यवस्थापन दायित्व भुक्तानी कार्यलाई प्रभावकारी बनाउन।
४३.	मूल ऐनको दफा १२५ को	(१) दफा १३२ बमोजिम कसैको उजुरी परी वा	(१) उपदफा (१), (२) र (३) मा	बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी

	उपदफा (१) र (२) मा संशोधन	सहकारी संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गम्भिरताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिबाना गर्नेछः– (क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग ब्याज लिएमा, (ख) सहकारी संस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी कायम गरेमा, (ग) सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पूँजीकृत गरी सो को आधारमा ब्याज लगाएमा, (घ) कुनै सदस्यलाई आफ्नोपूँजी कोषको तोकिए बमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा, (ङ) संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,	रहेका "रजिष्ट्रारबाट अधिकार प्राप्त" भन्ने शब्दहरूको सट्टा "प्राधिकरण वा प्राधिकरणबाट अधिकारप्राप्त" भन्ने शब्दहरू राखिएका छन्। (२) उपदफा (१) को खण्ड (छ) मा रहेको "शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी" भन्ने शब्दहरूको सट्टा "शेयर पूँजीको पन्ध्र प्रतिशतभन्दा बढी" भन्ने शब्दहरू राखिएका छन्।	संस्थाको नियमन गर्दा जरिवाना गर्ने अधिकार प्रदान गर्न आवश्यक भएको।

		(च) प्राथमिक पूँजी कोषको पन्ध्र गुणाभन्दा बढी हुने गरी बचत संकलन गरेमा, (छ) शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा, (ज) सहकारी संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसँग कारोबार गरेमा, (झ) सहकारी संस्थाले यो ऐन विपरीत कृत्रिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा। (२) उपदफा (१) मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भिर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछः– (क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा, (ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिवेदन, सूचना वा जानकारी नदिएमा,		

		(ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू आफूखुशी परिवर्तन गरेमा, (घ) कुनै सहकारी संस्थाले दफा १५ को उपदफा (४) बमोजिमको तोकिएको शर्त पालन नगरेमा, (ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कार्य गरेमा। (३) उपदफा (१) वा (२) बमोजिमको जरिबाना गर्नु अघि रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सम्बन्धित व्यक्ति वा सहकारी संस्थालाई सफाई पेश गर्न कम्तीमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ।		
४४.	**मूल ऐनको दफा १२९ मा संशोधन**	१२९. **<u>अनुसन्धानको लागि लेखी पठाउन सक्ने:</u>**मन्त्रालय, नेपाल राष्ट्र बैङ्क, रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले यस ऐन बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा १२२ बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित	मूल ऐनको दफा १२९ मा रहेको "नेपाल राष्ट्र बैङ्क," भन्ने शब्दहरू पछि "प्राधिकरण," भन्ने शब्द थपिएको छ।	बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको अनुसन्धानका लगि प्राधिकरणलाई सिफारिस गर्न पाउने अधिकार दिन आवश्यक भएको

		निकायमा लेखी पठाउन सक्नेछ।		
४५.	मूल ऐनको दफा १३५ मा संशोधन	**३५.** संस्था सञ्चालन सम्बन्धी विशेष व्यवस्थाः (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकार प्रदेश सरकार वा स्थानीय तह वा राष्ट्रिय सहकारी विकास बोर्डश स्वामित्व वा नियन्त्रणमा रहेको नेपाल सरकारको एकाउन्न प्रतिशत शेयर स्वामित्व भएको साझा यातायात, साझा प्रकाशन, साझा स्वास्थ्य सेवा, साझा भण्डार, साझा सेवाजस्ता संस्थाको घर, जग्गा र त्यस्तै अन्य अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति बिना बेचविखन गर्न, धितो राख र पाँच वर्ष वा सोभन्दा बढी अवधिको लागि लिजमा दिन पाइने छैन। (२) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले उपदफा (१) बमोजिमका संस्थाले प्रदान गर्ने वस्तु वा सेवाको व्यवस्थाका लागि प्राथमिकता दिनु पर्नेछ र त्यस्ता संस्थालाई वित्तीय सहयोग प्रदान गरी	मूल ऐनको दफा १३५ को उपदफा (१) मा रहेका "राष्ट्रिय सहकारी विकास बोर्डको" भन्ने शब्दहरूको सट्टा "प्राधिकरणको" भन्ने शब्द राखिएको छ।	राष्ट्रिय सहकारी विकास बोर्ड खारेज भएकोले।

		सहकार्य समेत गर्न सक्नेछ । (३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिमको संस्थाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।		
४६.	मूल ऐनको दफा १४९ को सट्टा दफा १४९ राखिएको	१४९. नियम बनाउने अधिकारः यस ऐनको कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।	**<u>१४९. नियम तथा विनियम बनाउने अधिकारः</u>** (१) यो ऐन कार्यान्वयनका लागि नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ। (२) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमहरुको अधीनमा रही नेपाल सरकारको स्वीकृति लिई प्राधिकरणले आवश्यक विनियमहरू बनाउन सक्नेछ।	स्वायत्त निकायको रुपमा प्राधिकरणलाई आवश्यक विनयम बनाउने अधिकार प्रदान गर्न आवश्यक भएको।
४७.	मूल ऐनको दफा १५० को उपदफा (८) पछि उपदफा (९) र उपदफा (१०) थप।	नभएको	(९) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस दफाबमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन तथा सुपरीवेक्षण प्राधिकरणले गर्न सक्नेछ। (१०) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकार र स्थानीय तहमा कार्यक्षेत्र भएका सहकारी संस्थाको दर्ता, अनुगमन, नियमन सम्बन्धी कार्य संघीय कानून प्रतिकूल नहुने गरी स्थानीय तह र प्रदेश कानून बमोजिम हुनेछ।	बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन तथा सुपरीवेक्षण प्राधिकरणलाई जिम्मेवार बनाउन आवश्यक भएको।

४८.	मूल ऐनको दफा १५०क. को उपदफा (४) पछि उपदफा (५), (६), (७) र (८) थप।	नभएको	"(५) उपदफा (१) बमोजिम प्रचलित कानूनबमोजिमका निकायबाट जारी भएको निर्देशनको पालना सम्बन्धमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले प्राधिकरणले तोकेको समयभित्र प्रतिवेदन पेस गर्नु पर्नेछ र सो प्रतिवेदन अध्ययन गरी प्राधिकरणले आवश्यक निर्देशन दिन सक्नेछ। (६) उपदफा (५) बमोजिमको निर्देशनको पालना भए नभएको सम्बन्धमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा प्राधिकरणले सघन अनुगमन वा विशेष निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ। (७) प्राधिकरणले आवश्यकता अनुसार विभागसँगको समन्वय र सहभागितामा सघन अनुगमन वा विशेष निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ र प्राधिकरणले आफूमा रहेको अधिकारमध्ये केही अधिकार विभागलाई प्रत्यायोजन गर्न सक्नेछ। (८) यस दफाबमोजिम सघन अनुगमन वा विशेष निरीक्षण तथा सुपरीवेक्षण गर्दा निर्देशन पालना नभएको पाइएमा प्राधिकरणले प्रचलित कानूनबमोजिम कारबाही तथा सजाय गर्न वा थप अनुसन्धान र कारबाही गर्नुपर्ने भए सम्बन्धित निकायसमक्ष सिफारिस गरी पठाउन सक्नेछ।"	बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन तथा सुपरीवेक्षण प्राधिकरणलाई जिम्मेवार बनाउन आवश्यक भएको।
४९.	मूल ऐनको दफा १५१ मा संशोधन	मूल ऐनको दफा १५१ को उपदफा (१क) पछि देहायको उपदफा (१ख) थपिएको छ ।	"(१ख) प्राधिकरणले यो ऐन र यस अन्तर्गत बनेको नियमको अधीनमा रही आफ्नो कार्यसम्पादन गर्नको लागि निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ।	प्राधिकरणको कार्यसम्पादनलाई प्रभावकारी बनाउन।
५०.	**<u>खारेजी र बचाउ</u>**		(१) सहकारी (पहिलो संशोधन) अध्यादेश,२०८३ खारेज गरिएको छ। (२) सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ बमोजिम भए गरेका कार्य यसै ऐनबमोजिम भएको मानिनेछ।	